## संयुक्त प्रेस विज्ञप्ति

**विषयः "शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८३" सम्बन्धमा शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील संघ-संस्था तथा समूहको संयुक्त आधिकारिक धारणा ।**

शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील विभिन्न राष्ट्रिय संघ-संस्था तथा समूहहरूको आज सम्पन्न संयुक्त बैठकले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको "शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८३" का सम्बन्धमा विस्तृत छलफल, नीतिगत विश्लेषण, कानुनी समीक्षा तथा व्यावहारिक पक्षको अध्ययन गरी यो संयुक्त धारणा सार्वजनिक गर्ने निर्णय गरेको छ ।

बैठकमा सहभागी सम्पूर्ण संघ-संस्था तथा समूहहरूको साझा निष्कर्ष अनुसार वर्तमान स्वरूपमा कार्यान्वयनमा ल्याइएको उक्त नियमावली विद्यार्थीको सुरक्षा सुनिश्चित गर्ने, निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्ने र अन्तर्राष्ट्रिय शिक्षा मार्फत विश्वव्यापी ज्ञान, सीप, अनुभव तथा अवसर हासिल गर्ने आम नेपाली नागरिकको सपनालाई थप सुदृढ बनाउने उद्देश्यसँग पर्याप्त रूपमा मेल खाने देखिँदैन ।

बरु, नियमावलीका केही व्यवस्थाले विद्यार्थीको अवसर, अभिभावकको विश्वास, वैधानिक व्यवसाय, निजी लगानी, रोजगारी, स्वस्थ प्रतिस्पर्धा, अन्तर्राष्ट्रिय शैक्षिक सहकार्य तथा नेपालको अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रको विश्वसनीयता र प्रतिस्पर्धात्मक क्षमतामा गम्भीर नकारात्मक प्रभाव पार्न सक्ने हाम्रो साझा ठहर छ ।

शैक्षिक परामर्श क्षेत्रले दशकौंदेखि लाखौं नेपाली विद्यार्थीलाई विश्वस्तरीय शिक्षा, अनुसन्धान, ज्ञान, सीप, प्रविधि तथा अन्तर्राष्ट्रिय अवसरसँग जोड्दै आएको छ । यस क्षेत्रले नेपालमा हजारौं युवाका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको, राज्यलाई उल्लेखनीय राजस्व योगदान गरेको, अन्तर्राष्ट्रिय शैक्षिक सम्बन्ध विस्तार गरेको तथा नेपाली मानव पूँजीको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको तथ्य सर्वविदित छ ।

यति महत्वपूर्ण र व्यापक प्रभाव पार्ने क्षेत्रसँग सम्बन्धित नियमावली निर्माण तथा कार्यान्वयन गर्दा प्रत्यक्ष सरोकारवाला संघ-संस्था, व्यवसायी, विषयविज्ञ तथा कानुनविद्हरूसँग पर्याप्त, औपचारिक, संस्थागत र अर्थपूर्ण परामर्श नगरिनु दुःखद् तथा गम्भीर नीतिगत कमजोरी हो ।

नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सरोकारवालाको सहभागिता सुनिश्चित नगर्दा नियमावली कार्यान्वयनमा व्यावहारिक कठिनाइ, प्रशासनिक अन्योल तथा अनपेक्षित नकारात्मक परिणाम उत्पन्न हुने जोखिम बढेको हाम्रो साझा निष्कर्ष छ ।

### १. हाम्रो साझा धारणा

हामी कुनै पनि प्रकारको नियमनको विरोधमा छैनौं । बरु, शैक्षिक परामर्श क्षेत्रलाई कानुनी, व्यवस्थित, पारदर्शी, उत्तरदायी, गुणस्तरीय, व्यावसायिक तथा विद्यार्थीमैत्री बनाउन स्पष्ट र प्रभावकारी नियमन आवश्यक रहेकोमा हामी पूर्ण रूपमा सहमत छौं ।

असल नियमनले गुणस्तर वृद्धि गर्छ, विद्यार्थी र अभिभावकको विश्वास निर्माण गर्छ, वैधानिक व्यवसायलाई प्रोत्साहन गर्छ, गैरकानुनी गतिविधिलाई नियन्त्रण गर्छ र सेवा प्रवाहलाई प्रभावकारी बनाउँछ ।

तर नियमनको नाममा अत्यधिक नियन्त्रण, असमान आर्थिक दायित्व, दोहोरो क्षेत्रधिकार, प्रशासनिक जटिलता तथा अस्पष्ट कानुनी व्यवस्था लागू गर्नु समस्याको समाधान हुन सक्दैन । यस्ता व्यवस्थाले वैधानिक रूपमा सञ्चालित संस्थालाई कमजोर बनाउने, निजी लगानी निरुत्साहित गर्ने, स्वस्थ प्रतिस्पर्धा सीमित गर्ने तथा अन्ततः विद्यार्थी र अभिभावककै हितमा प्रतिकूल असर पार्ने जोखिम हुन्छ ।

राज्यको नीति निजी क्षेत्रलाई नियन्त्रण र निरुत्साहित गर्नेभन्दा पनि जिम्मेवार, पारदर्शी तथा उत्तरदायी बनाएर सहजीकरण, प्रवर्द्धन र संरक्षण गर्ने प्रकृतिको हुनुपर्छ ।

## २. नियमावलीप्रति हाम्रा प्रमुख आपत्तिहरू

(क) अव्यावहारिक धरौटीसम्बन्धी व्यवस्था

नियमावलीमा गरिएको धरौटीसम्बन्धी व्यवस्था न्यायोचित, व्यावहारिक र बैज्ञानिक छैन । ठूलो रकम धरौटी राख्दैमा विद्यार्थीको सुरक्षा वा गुणस्तरीय सेवा स्वतः सुनिश्चित हुँदैन ।

विद्यार्थीको आर्थिक तथा शैक्षिक हित संरक्षणका लागि धरौटीभन्दा उपयुक्त बीमा प्रणाली, प्रभावकारी अनुगमन, स्पष्ट कानुनी उत्तरदायित्व, पारदर्शी आर्थिक कारोबार तथा क्षतिपूर्ति संयन्त्र बढी व्यवहारिक र प्रभावकारी विकल्प हुन् ।

प्रस्तावित धरौटी व्यवस्थाले विशेषगरी वैधानिक रूपमा सञ्चालित स्वरोजगार शैक्षिक परामर्शलाई व्यवसायबाट विस्थापित गर्ने, नयाँ उद्यमलाई निरुत्साहित गर्ने र बजारलाई सीमित संस्थाको नियन्त्रणमा पुऱ्याउने निश्चित छ ।

त्यसैले विद्यार्थीको सुरक्षा सुनिश्चित गर्न धरौटीको सट्टा आवश्यक कानुनी संरचनासहितको प्रभावकारी बीमा तथा संरक्षण प्रणाली लागू गरिनुपर्छ ।

(ख) अत्यधिक प्रशासनिक नियन्त्रण तथा जटिल प्रक्रिया

नियमावलीका केही व्यवस्थाले सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउनुको सट्टा अनावश्यक प्रशासनिक नियन्त्रण, दोहोरो प्रक्रिया, प्रक्रियागत जटिलता तथा अतिरिक्त आर्थिक भार बढाउने देखिन्छ ।

यस्तो व्यवस्थाले विद्यार्थी, अभिभावक र सेवा प्रदायक संस्थालाई अनावश्यक दु:ख दिने तथा व्यवसाय सञ्चालनमा प्रशासनिक अवरोध सिर्जना गर्ने सम्भावना छ ।

नियमनका सम्पूर्ण सेवा, स्वीकृति, नवीकरण, अनुगमन तथा अभिलेखीकरणलाई स्पष्ट जिम्मेवारीसहित एकद्वार प्रणालीबाट सञ्चालन गरिनुपर्छ ।

(ग) अस्पष्ट कानुनी व्यवस्था तथा स्वेच्छाचारी व्याख्याको जोखिम

नियमावलीका केही प्रावधान पर्याप्त स्पष्ट, वस्तुगत र मापनयोग्य छैनन् । अस्पष्ट कानुनी भाषाले भविष्यमा फरक-फरक निकायबाट फरक व्याख्या हुने, स्वेच्छाचारी निर्णय गरिने तथा वैधानिक संस्थाहरू अनावश्यक प्रशासनिक र कानुनी विवादमा पर्ने जोखिम बढाउँछ।

नियमावलीका अधिकार, दायित्व, प्रक्रिया, सजाय, अनुगमन तथा पुनरावेदनसम्बन्धी व्यवस्था स्पष्ट, पारदर्शी र प्राकृतिक न्यायको सिद्धान्तअनुकूल हुनुपर्छ।

(घ) संघीय संरचना तथा व्यावहारिक कार्यान्वयनको अभाव

नियमावलीका केही व्यवस्थाहरू नेपालको वर्तमान संघीय शासन संरचना, प्रदेशगत अभ्यास, व्यवसाय दर्ता प्रणाली तथा सेवा प्रवाहको व्यावहारिक अवस्थासँग मेल खाने देखिँदैनन् ।

संघ, प्रदेश तथा स्थानीय तहबीचको अधिकार क्षेत्र र जिम्मेवारी स्पष्ट नभएमा एउटै संस्थाले विभिन्न निकायमा दोहोरो प्रक्रिया पूरा गर्नुपर्ने, फरक-फरक मापदण्डको सामना गर्नुपर्ने र कानुनी अन्योल सिर्जना हुने सम्भावना रहन्छ ।

(ङ) सरोकारवालासँग पर्याप्त परामर्शको अभाव

दुरगामी व्यापक प्रभाव पार्ने नियमावली निर्माण गर्दा यस क्षेत्रमा प्रत्यक्ष रूपमा कार्यरत संघ-संस्था, व्यवसायी, विषयविज्ञ, कानुनविद्, विद्यार्थी तथा अभिभावकका प्रतिनिधिसँग पर्याप्त, औपचारिक तथा परिणाममुखी छलफल नगरिनु गम्भीर नीतिगत कमजोरी हो । नियमावली जसका लागि बनाईएको र जुन क्षेत्रमा लागु हुने हो, सो क्षेत्रका सरोकारवालाबाट लिखित रूपमा प्रस्तुत गरिएका सुझाव, व्यावहारिक अनुभव तथा तथ्यमा आधारित धारणालाई नियमावलीमा कुनै सम्बोधन गरिएको देखिँदैन ।

(च) वैधानिक संस्था, कानूनका अभावले स्विकृति नभएका संस्थाहरु  र विदेश तथा स्वदेशमा रहि कार्यालय विना प्रतिनिधि र डिजिटल माध्यमबाट ब्यवसाय सञ्चालन गर्ने बीच स्पष्ट विभेदको अभाव

नियमावलीले सरकारबाट स्वीकृति प्राप्त गरी कानुन बमोजिम सञ्चालन भइरहेका संस्थाहरु र कानूनको अभावमा स्विकृति नभएका तर कार्यालय र जिम्मेवारीपूर्वक ब्यवसाय सञ्चालन गर्दै आएका ब्यवसायीहरुलाई सहजीकरण गरेर र विदेश तथा स्वदेशमा रहि कार्यालय विना प्रतिनिधि र डिजिटल माध्यमबाट ब्यवसाय सञ्चालन गर्ने संस्था, फ्रिलान्सर, अनधिकृत एजेन्ट तथा डिजिटल माध्यमबाट गैरकानुनी रूपमा परामर्श सेवा प्रदान गर्ने गतिविधिमाथि प्रभावकारी नियन्त्रण गर्नुपर्छ । यसका आधारमा संस्थालाई वर्गिकरण गरि एउटै एउटै दृष्टिकोणबाट हेर्ने नीति न्यायोचित हुन सक्दैन ।

(छ) संस्थागत वर्गीकरण र नवीकरणसम्बन्धी व्यवस्था

अस्पष्ट वा अव्यावहारिक वर्गीकरण तथा ग्रेडिङ प्रणालीले संस्थाबीच अस्वस्थ प्रतिस्पर्धा, प्रशासनिक विभेद र स्वेच्छाचारी निर्णयको सम्भावना बढाउँछ । शैक्षिक परामर्शमा ग्रेडिङ्ग प्रणाली आवश्यक छैन ।

संस्थाको नवीकरण प्रक्रिया सरल, पारदर्शी र दीर्घकालीन हुनुपर्छ। आवश्यक अनुगमन र कानुनी अनुपालनको अधीनमा अनुमति तथा नवीकरणको अवधि पाँच वर्ष कायम गरिनुपर्ने हाम्रो धारणा छ ।

**३. नेपाल सरकारसमक्ष हाम्रा संयुक्त मागहरू**

शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील संघ-संस्था तथा समूहहरू नेपाल सरकारसमक्ष निम्न माग प्रस्तुत गर्दछौंः

१. अव्यावहारिक धरौटीसम्बन्धी व्यवस्था पूर्ण रूपमा हटाइयोस् ।

२. विद्यार्थीको सुरक्षा र आर्थिक हित संरक्षण गर्न धरौटीको सट्टा उपयुक्त बीमा, क्षतिपूर्ति तथा संरक्षण प्रणाली लागू गरियोस् ।

३. विद्यार्थी, अभिभावक, व्यवसाय, निजी लगानी, रोजगारी तथा राष्ट्रिय हितविपरीत रहेका सम्पूर्ण विवादास्पद प्रावधान तत्काल संशोधन गरियोस् ।

४. नियमावलीको कार्यान्वयनबाट उत्पन्न हुन सक्ने नकारात्मक प्रभाव रोक्न विवादास्पद व्यवस्थाको कार्यान्वयन स्थगन गरी तत्काल पुनरावलोकन गरियोस् ।

५. शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील सम्पूर्ण संघ-संस्था, व्यवसायी, विज्ञ, कानुनविद् तथा सम्बन्धित सरोकारवालासँग औपचारिक, संस्थागत, अर्थपूर्ण तथा परिणाममुखी उच्चस्तरीय नीति संवाद प्रारम्भ गरियोस् ।

६. नियमावलीलाई नेपालको संविधान, प्रचलित कानुन, संघीय शासन प्रणाली, अन्तर्राष्ट्रिय असल अभ्यास तथा नेपालको व्यावहारिक यथार्थसँग मेल खाने गरी संशोधन गरियोस् ।

७. अनुमति, नवीकरण, शाखा स्वीकृति, अनुगमन र अभिलेखीकरणका सम्पूर्ण प्रक्रिया स्पष्ट जिम्मेवारीसहित एकद्वार प्रणालीबाट सञ्चालन गरियोस् ।

८. सरकारबाट स्वीकृति प्राप्त संस्थालाई सहजीकरण र संरक्षण गर्दै अनुमतिबिना सञ्चालन हुने संस्था, फ्रिलान्सर, अनधिकृत एजेन्ट तथा गैरकानुनी अनलाइन परामर्श गतिविधिमाथि प्रभावकारी कारबाही गरियोस् ।

९. नवीकरणको अवधि पाँच वर्ष कायम गरियोस् । ब्यवहारिक भवन मापदण्ड लागु गरियोस ।

## ४. संयुक्त अभियान तथा आन्दोलनका कार्यक्रम

नेपाल सरकारले सरोकारवालाका तथ्यमा आधारित सुझाव, व्यावहारिक अनुभव र राष्ट्रिय हितका विषयलाई बेवास्ता गर्दै नियमावलीका विवादास्पद व्यवस्था यथावत् कार्यान्वयन गरेमा हामी निम्न चरणबद्ध, शान्तिपूर्ण, लोकतान्त्रिक तथा कानुनसम्मत कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्दछौंः

१. नियमावलीका विवादास्पद प्रावधान संशोधनको मागसहित देशव्यापी हस्ताक्षर अभियान सञ्चालन गर्ने ।

२. आवश्यक कानुनी उपचारका लागि संविधानविद्, वरिष्ठ अधिवक्ता तथा सम्बन्धित कानुनविद्हरूसँग परामर्श गरी उपयुक्त प्रशासनिक तथा न्यायिक प्रक्रिया अघि बढाउने ।

३. नियमावलीको वास्तविक प्रभावबारे विद्यार्थी, अभिभावक, व्यवसायी तथा आम नागरिकलाई तथ्यमा आधारित जानकारी प्रदान गर्न संयुक्त सामाजिक सञ्जाल तथा जनचेतना अभियान सञ्चालन गर्ने ।

४. नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), CNI, नेपाल चेम्बर अफ कमर्सलगायत निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूसँग सहकार्य र समन्वय गरी निजी क्षेत्रलाई सहजीकरण, संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने विषयमा संयुक्त नीतिगत पैरवी गर्ने ।

५. निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्नेमा अनावश्यक नियन्त्रण र निरुत्साहन गर्ने नीतिविरुद्ध अन्य व्यावसायिक संघ-संस्था, नागरिक समाज तथा सरोकारवाला निकायसँग सहकार्य गरी साझा पैरवीलाई थप सशक्त बनाउने ।

६. आवश्यकताअनुसार चरणबद्ध रूपमा अन्य शान्तिपूर्ण, मर्यादित, सिर्जनात्मक तथा कानुनसम्मत विरोधका कार्यक्रम सार्वजनिक गर्ने ।

७. विभिन्न चरणमा कार्यक्रमहरु सञ्चालन गर्दा समेत माग सम्बोधन नगरेमा देशै भरिका शैक्षिक परामर्श प्रदान गर्ने संस्थाहरु बन्दगरि सरकारलाई साँचो ताल्चा हस्तान्तरण गरि सडक आन्दोलनमा जाने ।

हामी पुनः स्पष्ट गर्न चाहन्छौं कि हाम्रा सम्पूर्ण कार्यक्रम शान्तिपूर्ण, लोकतान्त्रिक, मर्यादित र कानुनसम्मत हुनेछन् । सरकारसँग सार्थक संवाद र रचनात्मक समाधानका लागि हाम्रो ढोका सधैं खुला रहनेछ।

## ५. हाम्रो संयुक्त प्रतिबद्धता

हामी अव्यावहारिक र नियन्त्रणमुखी नियमन स्वीकार गर्दैनौं ।

हामी वैधानिक व्यवसाय, निजी लगानी, रोजगारी तथा विश्वव्यापी अवसर हासिल गर्ने नेपाली नागरिकको सपनामाथि प्रतिकूल असर पार्ने नीति स्वीकार गर्दैनौं ।

संवाद गरौं । पुनरावलोकन गरौं । संशोधन गरौं । सहकार्य गरौं । नेपालको अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रलाई अझ व्यवस्थित, सुरक्षित, उत्तरदायी, विश्वसनीय र प्रतिस्पर्धी बनाऔं ।

यो संयुक्त प्रेस विज्ञप्ति शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील देहायका संघ-संस्था तथा समूहहरूको संयुक्त बैठकको निर्णयअनुसार जारी गरिएको हो ।

## सहभागी संघ-संस्था तथा समूहहरू

१. Federation of Educational Consultancy Entrepreneurs Nepal (FECE Nepal)

२. Educational Consultancy Association of Nepal (ECAN)

३. Free Educational Consultancies Organization Nepal (FECON)

४. Japanese Language School Association of Nepal (JALSAN)

५. Educational Professional Consultancy Association of Nepal (EPCAN)

६. Korean Educational Consultancy Association of Nepal (KECAN)

७. Active Educational Consultancy Association of Nepal (AECAN)

८. Association of Australian Education Representatives in Nepal (AAERI Nepal)

९. International Education Representatives Initiative of Nepal (IERIN)

१०. Nepalese Association of Australian Education Representatives (NAAER)

११. National Educational Consultancy Association (NECA)

१२. Nepal Educational Business Association (NEBA)

१३. Nepal Educational Counseling Services Association (NECSA)

१४. Non Member Consultant

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजेन्द्र बराल | लक्ष्मण पौडेल | उमेश कुस्वार | रमेश देवकोटा | अमित खडका | विष्णु खडका | किशोर तिवारी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | का. वा. अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ | इक्यान | फेकन | जाल्सान | एप्क्यान | केक्यान | एईक्यान |

| | | | | | |
|---|---|---|---|---|---|
| डिराज शर्मा | योगेश क्षेत्री | उद्धव खडका | भुपेन्द्र सिटौला | नारायण रेग्मी | सन्तोष खनाल |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| एरि | आइरिन | नायर | नेका | नेबा | नेक्सा |